# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/२९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------------------------------

नेपाल पर्यटन बोर्डमा कार्यरत कर्मचारी बिक्रम तिवारीले शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली बनाई पेश गरी नेपाल पर्यटन बोर्डमा कार्यरत रहेकोले छानविन गरी आवश्यक कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरी उपर अनुसन्धान हुंदा नेपाल पर्यटन बोर्ड भृकुटीमण्डप काठमाण्डौका तत्कालिन कार्यालय सहयोगी बिक्रम तिवारीले आफ्नो ओहदामा बहाल रहनका लागि पेश गरेको Shree Kamana H. S. Boarding School, Gongabu बाट बि.स. २०६३ सालमा एस.एल.सी. उतिर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठा देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुंदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलब्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिविधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता